ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४

दर्ता नं.: १४७९५१/७२/०७३

आशा

# आशा लघुवित्त वित्तीय संस्था लि.

Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

प.स.च.नं. ४०६/०७९/८०

मिति: २०८०/०२/३१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

बिषय : विशेष साधारण सभा सम्बन्धी जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति (एक्विजिशन) सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/०२/३१ गते बसेको सञ्चालक समितिको १२३ औं बैठकको निर्णय अनुसार विशेष साधारण सभा मिति २०८०/०३/१६ गते, समय : दिनको १०:०० बजे र स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोटमा हुने र सो प्रयोजनको लागि वित्तीय संस्थाको मिति २०८०/०३/०७ गते शेयर दाखिल खारेज बन्द हुने व्यहोरा जानकारी गराईन्छ ।

विशेष साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८०/०२/३२ गतेको पत्रिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गरिन्छ तथा विशेष साधारण सभाको प्रस्ताव तथा अन्य विवरण संलग्न बमोजिम रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

धन्यवाद !

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

भवदीय,

बद्री प्रसाद दुलाल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभा बस्ने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/३२ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८० साल जेष्ठ ३१ गते बुधबार बसेको सञ्चालक समितिको १२३ औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**विशेष साधारण सभा बस्ने :**

मिति : २०८० आषाढ १६ गते शनिवार (तदनुसार २०२३ जुलाई १)

स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट ।

समय : बिहान १०:०० बजे

**छलफलका विषयहरु:**

**(क) विशेष प्रस्तावहरु :**

१. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने तथा संयुक्त प्राप्ति (एक्विजिशन) समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्ने ।

२. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (**Due Diligence Audit**) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मूल्याङ्कनकर्ता **N. B. S. M. & Associates, Chartered Accountants** लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

३. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता **N. B. S. M. & Associates, Chartered Accountants** बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन **(Due Diligence Audit Report)** को आधारमा निर्धारण गरिएको स्वाप अनुपातमा वर्तमान बजार मुल्य, संस्थाहरुको व्यवसायिक अवसर, शाखा सञ्जाल तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका विषयहरुको आधारमा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने (**Share Swap Ratio 1:1**) गरी राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने ।

४. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौता पत्र **(Final Agreement Paper )** स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्य प्रक्रिया पुरा भएको हुँदा आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने । साथै साबिक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बाँकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भएपश्चात् साबिक सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् **राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड** को नामबाट एकीकृत कारोबार गर्ने तथा केन्द्रीय कार्यालय बनेपा न.पा.-१३, काभ्रेपलाञ्चोक रहने प्रस्ताव पारित गर्ने ।

६. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्तिम सम्झौता पत्र अनुसार वित्तीय संस्थाको ठेगाना, पुँजी संरचनामा तथा अधिकृत, जारी र चुक्ता पुँजी परिवर्तन हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

७. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुँजी संरचना वा प्रबन्ध-पत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ख) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. विशेष साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८० आषाढ ७ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०३/०६ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारीक परिचय-पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. नावालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

४. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका दिनको १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

५. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ककनी, नुवाकोटमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

७. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोटमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय : ककनी-६ नुवाकोट, नेपाल
फोन न. ०१०-६३०००४
E-mail: ashamicrofinance@gmail.com

आशा
आशा लघुवित वित्तीय संस्था लि
केन्द्रीय कार्यालय, ककनी-६, नुवाको